त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मितिः- २०८२।०२।२५

## Course Based PhD. को मौका परीक्षाको परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना

यस मानविकी सङ्काय अन्तर्गत शै.व. २०७४, २०७५ र २०७६ मा संचालित Course Based PhD. मा भर्ना भई तत्कालिन पाठ्यक्रमले निर्धारण गरे बमोजिम तोकिएको अधिकतम समयावधिभित्र उत्तीर्ण गर्न नसकेका विद्यार्थीहरुलाइ यस संकाय परीक्षा संचालक समितिको मिति २०८२।०२।०५ को बैठकको निर्णयानुसार एक पटकका लागि मौका परीक्षा संचालन गर्ने निर्णय भएको हुँदा त्यस्ता विद्यार्थीहरुले निम्नानुसार मौका परीक्षाको फाराम भर्न हुन सर्म्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

- परीक्षा दस्तुर : प्रति सेमेष्ट प्रति विद्यार्थीले रु.५०००।- (अक्षरेपी पाँचहजार मात्र) दस्तुर सम्बन्धित क्याम्पसमा बुझाई सम्बन्धित कलेजले परीक्षा फाराम बुझाउने म्याद समाप्त भएको ७ दिनभित्र अनिवार्य रुपमा सम्पूर्ण परीक्षार्थीहरुको एकमुष्ट रकम यस सङ्कायको नेपाल बैंकमा रहेको खातामा बुझाई फाराम साथै ल्याई बुझाउनु पर्नेछ।
- त्रि.वि. नियमानुसार अधिकतम समयसीमा कटिसकेका विद्यार्थीहरुले मात्र फाराम भर्न सकनेछन।
- परीक्षा केन्द्र पछि तोकिनेछ। यसैगरी परीक्षा कार्यतालिका समेत पछि प्रकाशित गरिनेछ।
- परीक्षा फाराम यस सङ्कायको **Website:** www.tufohss.edu.np बाट Download गरी प्रिन्ट गर्नु पर्नेछ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मितिः- २०८२।०२।२५

## ग्रेड अभिवृद्धिको लागि मौका परीक्षाको परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत सेमेष्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तहका विभिन्न शैक्षिक कार्यक्रमहरुमा भर्ना भई अधिकतम समयावधि भित्रै पाठ्यक्रमले निर्धारण गरे अनुसार सत्रान्त परीक्षा लगायत शोधकार्य समेत पूरा गरिसकेका तर SGPA 3.0 भन्दा कम ल्याई ट्रान्स्कृप्ट लिन असमर्थ रहेका र अधिकतम समयावधि समेत कटि सकेका परीक्षार्थीहरुलाई त्रि.वि. प्राज्ञिक परिषदको मिति २०८२ जेठ १३ गतेको निर्णयानुसार अधिकतम दुई (२) विषयसम्म (यस अघि ग्रेड अभिवृद्धिको परीक्षामा सम्मिलित नभएका) ग्रेड अभिवृद्धिको परीक्षामा सहभागी गराउने गरी एक पटकको लागि मौका परीक्षा संचालन गर्ने भएको हुँदा त्यस्ता परीक्षार्थीहरुले मिति २०८२ जेठ २५ गतेदेखि असार २ गतेभित्र आफू अध्ययन गरेको क्याम्पस/कलेज/विभागमा गई भौतिक रुपमै परीक्षा फाराम भर्नु पर्नेछ। यसरी भरेका परीक्षा फारामहरु सम्बन्धित क्याम्पस/कलेज/विभागहरुले असार ५ गतेभित्र यस डिनको कार्यालयमा आवश्यक शुल्क सहित बुझाउने गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै म्यादभित्र प्राप्त नभएका तथा रित नपुगेका परीक्षा फाराममाथि कुनै कारवाही गरिने छैन।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८२ साल जेठ २५ गतेदेखि असार २ गतेसम्म र उक्त समयावधि पछि दोव्वर दस्तुरमा २०८२ साल असार ३ गतेसम्म।
- **परीक्षा दस्तुर :** प्रति सेमेष्टर प्रति विद्यार्थीले रु.३०००।- (अक्षरेपी तीन हजार मात्र) दस्तुर सम्बन्धित विभाग/क्याम्पसमा बुझाई सम्बन्धित क्याम्पसले २०८२ असार ५ गतेभित्र अनिवार्य रुपमा यस सङ्कायको नेपाल बैंकमा रहेको खातामा बुझाई सो को सक्कल भौचरको प्रति साथमा राखी परीक्षा फाराम डीनको कार्यालयमा बुझाइ सक्नु पर्नेछ।
- त्रि.वि. नियमानुसार अधिकतम समयसीमा कटिसकेका विद्यार्थीको रोजाई अनुसारका कुनै सेमेष्टरको दुई विषयमा मात्र परीक्षा दिन सकिनेछ।
- परीक्षा केन्द्र काठमाडौमा रहने गरी पछि तोकिनेछ। यसैगरी परीक्षा कार्यतालिका समेत पछि प्रकाशित गरिनेछ।
- परीक्षा फाराम यस सङ्कायको **Website:** www.tufohss.edu.np बाट Download गरी प्रिन्ट गर्नु पर्नेछ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np